दुहुँ गाउँपालिका

दुहुँ राजपत्र

खण्ड -६ संख्या - १४ मितिः २०७९।०६।१८

**भाग - २**

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति | २०७९।०६।१२ |

# युवा क्लब परिचालन निर्देशिका २०७९

प्रस्तावनाः

दुहुँ गाउँपालिका भित्रका युवाहरुको विकास तथा सामाजिक विकास हकहित संरक्षण गर्नका निम्ति यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस निर्देशिकाको नाम युवा क्लब परिचालन निर्देशिका, २०७९ रहेको छ ।

१.२ यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क) युवा भन्नाले १८ वर्षदेखि ४० मुनिका व्यक्तिलाई सम्झनु पर्छ ।

ख) युवा क्लब भन्नाले समुदाय स्तरका युवाहरु अधिकारको संरक्षण र क्षमता विकासको लागि गठन गरेको युवा क्लब सम्झनु पर्छ ।

ग) गाउँपालिका भन्नाले दुहुँ गाउँपालिका सम्झनु पर्छ ।

घ) कार्य समिति भन्नाले युवा क्लबको क्रियाकलाप सञ्चालन गर्नको लागि युवा क्लबकै सदस्यहरुबाट छानिएर निमार्ण गरिएको समिति सम्झनु पर्छ ।

ङ) पदाधिकारी भन्नाले यसै निर्देशिका अनुसार गठन भएका युवा क्लब समुहको अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव कोषाध्यक्ष र कार्य समिति सदस्यहरुलाई सम्झनु पर्दछ ।

च) संरक्षक भन्नालेः

- गाउँ पालिका स्तरीय संजालको लागि गाउँपालिकाको प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्यलाई सम्झनु पर्दछ ।
- वडा स्तरीय युवा क्लबको हकमा गाउँपालिकाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यलाई सम्झनु पर्छ ।

छ) सञ्जाल (नेटवर्क) भन्नाले एउटा गाउँपालिका भित्र रहेका विभिन्न युवा क्लबहरुको प्रतिनिधिहरुको भेलाले सबै क्लबहरुको साझा भलाईका लागि काम गर्न समाबेशी सहभागिताको आधारमा गठन गरिएको ७ देखि २१ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

ज) साधारण सदस्य भन्नाले कार्यसमितिमा आवेदन पेश गरि नियमअनुसार सदस्यता प्राप्त युवालाई सम्झनु पर्दछ ।

**३. युवा क्लबको गठन तथा सञ्चालन**

**दुहुँ गाउँपालिका** अर्न्तगत युवा क्लब समुहहरुको व्यवस्थित रुपले सञ्चालन गर्न आफ्नो कार्यक्षेत्र, समुदाय हरुमा निम्नानुसारका युवा क्लबहरु गठन गरिने छ ।

क) १८ वर्ष देखि ४० वर्ष उमेरका युवाहरुको सक्रिय सहयोगमा कम्तीमा ७ जना वा सो भन्दा माथि सदस्यहरु रहने गरी युवा क्लब गठन गर्ने छन् । युवा समुहहरु गाउँ समाज र राष्ट्र निर्माण गर्नमा युवा क्लबको रुपमा परिचालित हुन सक्ने छन् ।

ख) १८ वर्ष देखि ४० वर्ष उमेर समुहका युवाहरु कम्तिमा ७ जनाको कार्य समिति सहित कम्तिमा १३ जना वा सो भन्दा बढीमा आवश्यकता अनुसारको सदस्य संख्यामा युवा क्लब गठन गरी परिचालित हुनछन् ।

ग) सबै युवा क्लबहरुलाई गाउँपालिका स्तरीय युवा संजालमा आबद्ध गराउनका लागि प्रोत्साहन गरिनेछ ।

घ) युवा क्लब दर्ता गरी वडा तथा पालिकाको हकमा अनुसुची -१ र गाउँको हकमा अनुसुची-२ बमोजिमको प्रमाणपत्र दिइने छ ।

**४. कार्यक्षेत्रः**

- युवा क्लबको कार्यक्षेत्र समुदायमा रहनेछ । अन्य क्षेत्रको आवश्यकता भएमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**५. सदस्यताः**

५.१ समुदायमा सञ्चालित युवा क्लबको हकमा समुदायमा रहेका युवाहरु समुदायमा रहुन्जेल मात्र युवा क्लबको सदस्य हुन योग्य हुनेछन् ।

५.२ समुदायमा रहेका युवाहरु १८ वर्षदेखि ४० वर्ष उमेर पुरा नहुन्जेल सम्म युवा क्लबका सदस्य रहन सक्नेछन ।

५.३ युवा क्लबमा निम्न प्रकारका सदस्य रहन सक्नेछन् ।

क) साधारण सदस्य

ख) संस्थापक सदस्य

**६. सदस्यता प्राप्त गर्ने विधिः**

६.१ ईच्छुक युवाले आफ्नो उमेर खुलाई युवा क्लबमा आबद्धताका लागि आवेदन गरेपछि कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछन् ।

६.२ युवा क्लबको सदस्यता लिनको लागि प्रत्येक सदस्यले कार्यसमितिले तोके बमोजिमको प्रवेश शुल्क र मासिक शुल्क तिर्नु पर्नेछ वा निःशुल्क समेत हुन सक्नेछ ।

६.३ शुल्क लिने नलिने वा कति लिने भन्ने कुरा युवा क्लबको कार्य समितिले तोके बमोजिम हुनेछ ।

६.४ स्थापना कालका सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

**७. साधारण सभाः**

. ७.१ प्रत्येक युवा क्लबको साधारण सभा वर्षको एकपटक बस्नेछ, सम्बन्धित समुहका सबै सदस्यहरु उक्त भेलाका साधारण सभाका सदस्य हुन योग्य हुनेछन् ।

७.२ साधारण सभामा क्लबको गतिविधि समावेश गरी आवश्यक नीति तथा कार्य योजना तयार गर्ने साथै विगतको कार्यक्रमहरुको बारेमा समेत समीक्षा गरिनेछ ।

७.३ प्रत्येक वर्ष बस्ने साधारण सभाले वार्षिक आय व्यय तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्य समिति गठन गर्नेछ ।

७.४ साधारण सभाले अन्य आवश्यक कार्यहरु गर्नेछ ।

७.५ साधारण सभाले कार्यसमितिलाई विशेष सहयोग र सरसल्लाह दिनेछ ।

७.६ साधारण सभामा उपस्थित हुनको लागि सम्पुर्ण सदस्यहरुलाई कम्तिमा ७ दिन अगावै सुचना दिनुपर्नेछ ।

७.७ साधारण सभाको बैधानिक सञ्चालनका लागि कुल सदस्य संस्थाको कम्तिमा एक तिहाई उपस्थित हुनु पर्नेछ । यदि गणपूरक संख्या प्रयाप्त हुन नसकेर स्थगन गरिएको बैठक सोहि विषयउपर छलफल तथा निर्णय गर्नका लागि स्थगित भएको मितिले ७ दिन सम्ममा पुनः बस्न सक्नेछ । यस पुनः बस्ने बैठकका लागि जेजति सदस्यहरु उपस्थित छन् त्यसैलाई गणपुरक संख्या मानि बैठक सुचारु रुपमा अगाडी बढ्न सक्नेछ ।

७.८ साधारण सभामा उपस्थित पदाधिकारीहरु तथा सदस्यहरुको उपस्थितिको, छलफलको विषयसुची र विषयसुची अनुसार छलफल गरिएको निर्णयलाई निर्णय पुस्तिका -माइन्युट) मा लेखेर राखिने छ । यसको प्रमाणिकरणका लागि सभाको

सभापति, सचिव र कम्तीमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनु पर्नेछ ।

७.९ प्रत्येक साधारण सदस्यलाई मतदानको अधिकार हुनेछ ।

**८. कार्यसमितिको गठन विधि तथा पदावधिः**

८.१ साधारण सभाले प्रत्येक १ वर्षमा आफ्ना सदस्यहरुबाट अध्यक्ष-१, उपाध्यक्ष १,

सचिव १, सहसचिव १, कोषाध्यक्ष १ र बाँकी सदस्यहरुको समावेशिताको आधारमा निर्वाचन गरी घटीमा ७ र बढीमा १३ जनाको कार्य समिति गठन गर्नेछ ।

८.२ यसरी गठन भएको कार्यसमितिको पदावधि १ वर्षको हुनेछ ।

८.३ कार्यसमितिका पदाधिकरीहरु पुनः निर्वाचित हुन सक्नेछन् तर १ वर्ष अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा बहाल पदाधिकारी भने सोहि पदमा पुनः निर्वाचित हुन सक्ने छैनन् ।

८.४ कम्तिमा ५० प्रतिशत सदस्यहरु महिला हुनुपर्नेछ । तर विशेष उद्देश्यले गठन भएका युवा क्लबहरुको हकमा यो लागु हुने छैन । ५० प्रतिशत महिला नपुगे पनि युवा क्लब कायम नै रहनेछ ।

८.५ एउटै समयमा कुनै एक समुहका महत्वपुर्ण पदमा बहाल रहेको पदाधिकारी सो भन्दा माथिल्लो तहको बाल मन्च/सञ्चालको मुख्य पदमा बहाल रहेको स्वतः तल्लो पद निश्क्रिय रहनेछ  र यस्तो पदमा अर्को व्यक्ति मनोनयन हुन सक्नेछ । युवा समुहमा १ व्यक्ति १ पदको सिद्धान्त लागु गरिनेछ ।

**१०. कार्य समितिको बैठकः**

१०.१ अध्यक्षको सल्लाह अनुसार सचिवले कार्यसमितिको बैठक बोलाउनेछ ।

१०.२ कार्य समितिको बैठक कम्तिमा नियमित रुपमा महिनामा एक पटक बस्नेछ ।

१०.३ कार्यसमितिका पदाधिकारहरु बैठकमा तीनपटक भन्दा बढी नियमित रुपमा बिना सूचना अनुपस्थित भएको खण्डमा पद स्वतः खारेज हुनेछ । त्यस्तो रिक्त पदका लागि सल्लाहकार तथा संरक्षकको परामर्शमा कार्यसमितिले बाँकी सदस्यहरु मध्येबाट पुनः मनोनयन गर्न सक्नेछ ।

१०.४ सचिवको अनुपस्थितिमा अध्यक्ष आफैले वा सह-सचिव मार्फत बैठक बोलाउन सक्नेछन् ।

**११ पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

११.१ अध्यक्षः

क) युवा क्लबको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने ।

ख) युवा क्लबको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने ।

ग) मत बराबर भएमा निर्णायक मत दिने ।

घ) युवा क्लबको उद्देश्य पुरा गर्न अन्य आवश्यक कामहरु गर्ने ।

ङ) कार्य समिति, विद्यालय, अभिभावक, समुदाय, गाउँपालिकाका अन्य सरकारी तथा गैरसरकारी संघ संस्था बीच समन्वय कर्ताको भूमिका निर्वाह गर्ने ।

च) कुनै क्षेत्रको कार्यक्रममा जानका लागि आफ्नो कार्यसमितिको बैठक बस्न नसक्ने अवस्थामा पछि समर्थन जुटाउने गरी युवा क्लबका प्रतिनिधि चयन गर्ने ।

११.२ उपाध्यक्षः

क) अध्यक्षको अनुपस्थितिमा निजले गरि आएका सम्पुर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कामहरु गर्नेक्क

११.३ सचिवः

क) कार्य समितिको बैठक बोलाउने र बैठकमा राखिने विषयहरुको बारेमा अग्रिम जानकारी सम्बद्ध सबैलाई दिने ।

ख) युवा क्लबको तर्फबाट पत्राचार गर्ने ।

ग) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

घ) युवा क्लबका सदस्यहरुको सूचना अद्यावधिकरण समुहले गरेको मुख्य मुख्य कामको प्रगति प्रतिवेदन तयार गरी अद्यावधिकरण गर्ने, वार्षिक भेलामा गत वर्षका प्रगति एवं आगामी वर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेश गर्ने ।

ङ) बैठकको उपस्थित उठाउने तथा निर्णहरुको अभिलेख राख्ने ।

११.४ सह-सचिव

क) सचिवको अनुपस्थितिमा निजले गरी आएका सम्पुर्ण कार्यहरु गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

ग) सचिवको काममा सहयोग गर्ने ।

११.५ कोषाध्यक्ष

क) युवा क्लबको आम्दानी खर्च तथा हर हिसाब रितपूर्वक राख्ने ।

ख) क्लबको सम्पुर्ण नगदी जिन्सीहरुको जिम्मेवारी लिई त्यस सम्बन्धी श्रेस्ता अद्यावधिक राख्ने ।

ग) क्लबको आय व्ययको विवरण कार्य समिति र साधारण सभामा पेश गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

११.६ सदस्यः

क) युवा क्लबको बैठकमा नियमित उपस्थित हुने।

ख) युवा क्लबको हितमा लागि सधै प्रत्यन्नशील रहने ।

ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**१२. नेटवर्क (मञ्च/सञ्जाल):**

**गाउँपालिका स्तरिय युवा सञ्जाल**

नेपालको संविधान (२०७२) स्थानिय सरकार सञ्चालन ऐन २०७४, युवा मैत्री स्थानिय शासन राष्ट्रिय रणनिती २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ भावना बमोजिम वार्षिक रुपमा विभिन्न विद्यालय, समुदाय र कार्यक्षेत्रमा रहेका युवा क्लबहरु बीच आवश्यक समन्वय र सहकार्यको अवस्था सुनिश्चित गर्दौ बाल क्लब परिचालनमा सहयोग पुऱ्याउन साथै गाउँपालिका स्तरीय युवासरोकारका विषयहरुमा युवा सहभागिता सुनिश्चित गर्ने उद्देश्यले प्रत्येक गाउँपालिकाले युवा क्लबहरु बीच गाउँपालिका स्तरीय भेला सञ्चालन गरी युवाको समावेशी सहभागितामा ७ देखि २१ सदस्यीय गाउँपालिका स्तरीय युवा सञ्जाल गठन एवं परिचालन सम्बन्धी व्यवस्थाको सुनिश्चितता गर्न प्रमुख भुमिका खेल्न सक्नेछ। सो कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्नु बालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाको दायित्व हुनेछ गाउँपालिका स्तरीय युवा सञ्जाल गठन तथा अन्य व्यवस्था गाउँपालिकाले गर्नेछ। गाउँपालिका स्तरीय युवा मञ्च (सञ्जाल) का पदाधिकारीको पदावधी १ वर्षको रहनेछ ।

गाउँपालिका स्तरीय युवा सञ्जालका काम, कर्तव्य र अधिकारहरु

- युवाअधिकार प्रवद्रधन र सामाजिक रुपान्तरणको निम्ति क्रियाशिल रहने ।
- युवा सरोकारका विषयहरुमा गाउँपालिका सँग वकालती गर्ने ।
- वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित गाउँपालिका स्तरीय सरोकार निकायहरुलाई युवाको तर्फबाट राय उपलब्ध गराउने ।
- आफ्नो गाउँपालिका अर्न्तगत रहेका युवा क्लबको विवरण तयार पार्ने सहजीकरण गर्ने तथा समुहहरुको आवश्यकता अनुसार अनुगमन एवं सुपरिवेक्षण गर्ने ।

**१३. संरक्षकः**

संरक्षक भन्नाले गाउँपालिकाको अध्यक्ष वा वडा अध्यक्ष र गाउँपालिकाले तोकेको व्यक्ति वा सम्बन्धित ऐन कानुनले तोकेको व्यक्तिलाई जनाउनेछ । संरक्षकले आवश्यकता अनुसार युवाको उच्चतम हितलाई ध्यानमा राखी सल्लाह सुझाव एवं अन्य आवश्यक सहयोग गर्नुपर्नेछ ।

**१४. कोषको व्यवस्थाः**

क) साधारण सदस्य प्रवेश शुल्क एवं मासिक/बार्षिक सदस्यता शुल्क बापत प्राप्त रकम
ख) स्थानीय निकाय, विद्यालय, समुदाय तथा अन्य संघ संस्थाबाट प्राप्त रकम
ग) नेपाल सरकारको पूर्व स्वीकृती लिई विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग रकम
घ) अन्य विभिन्न स्रोतबाट रकम
ङ) चन्दा, सहयोग तथा युवा क्लबबाट कोष संकलनका लागि विभिन्न अभियानबाट संकलित रकम ।

**१४.१ कोष सञ्चालनः**

क) पायक पर्ने कुनै बैंक वा वित्तिय संस्थामा क्लबको खाता खोलिने छ ।
ख) बैंक खाता अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालित हुनेछ ।
ग) बैंक खाताको व्यवस्था नहुन्जेलसम्म सम्बन्धित गाउँपालिका तथा संरक्षकको सल्लाह बमोजिम गर्नुपर्नेछ ।

**१५ आवद्धता, दर्ता र नविकरणः**

१५.१ कुनै पनि युवा क्लबको आफ्नो गतिविधि सञ्चालन गर्नु भन्दा पहिला गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । युवा सहभागिता प्रबद्धधनका लागि गाउँपालिकाको वडा कार्यालयले बालक्लब दर्ता भएका युवा क्लबहरुको सुची गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

१५.२ हरेक आर्थिक वर्षमा क्लबलाई सम्बन्धित वडाले नविकरण गराउनु पर्नेछ । वडाले नविकरण सूचि गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

१५.३ दर्ता, नविकरण तथा अन्य शुल्क गाउँपालिकाले तोके बमोजिम वा निःशुःल्क रुपमा समेत गर्न सक्नेछ ।

१५.४ एक वर्ष सम्म पनि नविकरण नगरेमा युवा क्लबको दर्ता स्वतः रद्ध हुनेछ । गाउँपालिकाले कुनै शुल्क लिई वा निःशुल्क रुपमा युवा क्लब दर्ता एवं नविकरण गर्न सक्नेछ ।

**१६. लेखा परिक्षणः**

बैंक खाता सञ्चालन गरी कार्यरत युवा क्लबहरुको क्लबको आय व्ययको हरेक वर्ष लेखा परीक्षण गराउनु पर्नेछ ।

क्लब नविकरणको लागि लेखापरिक्षण प्रतिवेदन आवश्यक पर्नेछ । यस्तो लेखा परीक्षण राजिष्टर्ड लेखा परीक्षक वा माध्यमिक विद्यालयको लेखा विषयको शिक्षकबाट वा बाल क्लब समुहले ३ सदस्यीय लेखा परिक्षण समिति गठन गरी सोही समिति मार्फत लेखा परिक्षण गराउन सक्नेछ । उल्लेखित ३ वटा तरिकाहरु मध्ये युवा क्लबलाई जुन तरिका सहज हुन्छ, सोहि अपनाउन सक्नेछन् । यस कार्यमा गाउँपालिका आवश्यक सहजीकरण गर्नेछ ।

**१७.युवा क्लबको छाप, लोगो तथा लेटरपेडः**

- युवा क्लबको लोगो गोलो घेराभित्र सम्बन्धित युवा क्लबको नाम र ठेगाना, स्थापना मिति साथै त्यसको बीचमा आवश्यकता अनुसार नमुना राख्न सकिनेछ वा गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।
- प्रत्येक युवा क्लबले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछन् ।
- प्रत्येक युवा क्लबले आफ्नो लोगो उल्लेअ गरी क्लबको लेटरहेड तयार गरी प्रयोग गर्न सक्नेछन् ।
- प्रत्येक युवा क्लबले आफ्नो लोगो उल्लेख गरिएको परिचय पत्र तयार गरी प्रयोगमा ल्याउन सक्नेछन् । परिचय पत्र संरक्षक/संरक्षकद्धारा प्रमाणित गरिएको हुनु पर्नेछ ।
- परिचय पत्रको म्याद तोकिएको समय अवधिसम्म क्रियाशिल रहनेछ ।

**१८. सल्लाहकार समितिः**

प्रत्येक युवा क्लब/सञ्जालको निम्ति सुझाव दिनको लागि तीन देखि पाँच सदस्यीय सल्लाहकार समिति गठन गरिनेछ । सो समितिमा बालबालिकाहरु ३ जना र अन्य २ जना युवाको क्षेत्रमा काम गरेका उल्लेखनीय व्यक्ति वा सम्बन्धित युवा क्लबको सहजकर्ता मध्येबाट मनोनयन गरिनेछ । युवा क्लब/समुहका पूर्व अध्यक्षहरु सल्लाहकार समितिमा रहन सक्नेछन् ।

**१९.युवा क्लबको विघटनः**

कुनै कारणबस युवा क्लब सञ्चालन हुन नसकी विघटित भएमा समुदायमा आधारित क्लबको चल अचल सम्पत्तिहरु सम्बन्धित समुदायमा आधारित युवा क्लबको सम्पत्तिहरु गाउँपालिकाको नाममा स्वतः आउनेछ ।

**२०. मान्यता प्राप्त वा सम्बन्धन प्राप्तीः**

यस अघि जिल्ला प्रशासन कार्यालय/ गाउँपालिकामा दर्ता भएका युवा क्लब यसै निर्देशिका बमोजिम पुनः दर्ता नविकरण गरे पछिमात्र मान्यता प्रदान गरिनेछ ।

आज्ञाले,

भूपेन्द्रसिंह बडाल

प्रमुख प्रशासकीय अधिकृत